**नेपाल सरकार**

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

**सिंहदरबार, काठमाण्डौ**

## शान्ति स्थापना एवं प्रबर्द्धन सम्बन्धी गतिबिधि स्थानीयस्तरका एफ.एम. रेडियोबाट प्रसारण गर्ने कार्यको

## दरभाउपत्र आह्वानको सूचना

ठेक्का नं. २/०७३/०७४

**प्रथम पटक प्रकाशित मिति २०७३/८/७**

चालू आर्थिक वर्ष २०७३/०७४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस मन्त्रालयद्वारा सञ्चालित राहत, पुनर्निर्माण, पुनर्स्थापना तथा शान्ति स्थापना एवं प्रवर्द्धन सम्वन्धी भए गरेका क्रियाकलापहरु जनचेतनामूलक कार्यक्रम मार्फत् नागरिकहरुलाई सुसूचित गराउन एफ.एम. रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट निम्नलिखित शर्तहरूको अधीनमा रही रितपूर्वक दरभाउपत्र आह्वान गरिएको छ ।

**<u>तपसिल</u>**

१. दरभाउपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यस मन्त्रालयको जिन्सी शाखाबाट फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, एफ.एम्. रेडियो प्रसारणको लागि नेपाल सरकारको आधिकारिक निकायबाट चालु आ.व.को लागि कार्यक्रम उत्पादन र एफ.एम. रेडियोमा प्रसारण गर्ने सन्दर्भमा आ.ब.२०७३।७४ को लागि नविकरण भएको इजाजतपत्र, आयकर एवं मु.अ. कर दर्ता प्रमाणपत्र, गत आ.व.२०७२।७३ को कर चुक्ता प्रमाणपत्र वा कर <u>विवरण पेश गरेको</u> कागजात समेतको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपि संलग्न राखी रितपूर्वकको निवेदनमा रु. १०।- को टिकट टाँसी, रु.३००।- राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १२:०० बजे सम्म यस मन्त्रालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, दरभाउपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस मन्त्रालयको सार्वजनिक खरिद इकाई (जिन्सी शाखा भूइ तल्ला) मा दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १३:०० बजे दरभाउपत्रवाला वा निजहरुका प्रतिनिधि र कार्यालयको प्रतिनिधिको रोहवरमा यस मन्त्रालयको सभाहलमा खोलिने छ । दरभाउपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । दरभाउपत्रवालाको प्रतिनिधि आउँदा फर्मको आधिकारीक पत्र र परिचय पत्र सहित आउनु पर्नेछ ।

४. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलवन्दी दरभाउपत्र साथ जमानत वापत रु १७,०००।-(सत्र हजार रुपैया) कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौ, भुक्तानी केन्द्र नं.४, सिंहदरवारको नाममा एभरेष्ट बैंक लि., नयाँ वानेश्वर मा रहेको १३५००१ धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाँणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको विडबण्ड पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्रवालाले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा उल्लेखित सबै आइटमको दररेट अङ्क र अक्षरमा भर्नुपर्ने छ । अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्रवालाको हस्ताक्षर र फर्म/संस्था वा कम्पनीको छाप लगाउनु पर्नेछ ।

७. मन्त्रालयबाट बिक्री भएको दरभाउपत्र फारममा उल्लेख भएका विवरणहरु अध्ययन गरी सोसँग सम्बन्धित कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै दरभाउपत्रको सबै पानाहरुमा दरभाउपत्रदाताको हस्ताक्षर र फर्म/संस्था वा कम्पनीको छाप अनिवार्य हुनुपर्नेछ ।

८. बढी भन्दा बढी स्रोतामाझ शान्ति स्थापना एवं प्रवर्द्धन सम्बन्धी कार्यक्रमको जानकारी पुऱ्याउनु मन्त्रालयको उद्देश्य रहेको हुँदा हप्ताको १ पटक विहान ६:४५ वजे देखि ९:०० वजेसम्म वा वेलुका ६:४५ वजे देखि ९:०० वजे सम्मको समय भित्र पर्ने गरी १५ मिनेट प्रशारण गर्नु पर्नेछ ।

९. दरभाउपत्रदाताको देशभरीका बढि जिल्लाहरुमा कार्यक्रम प्रसारण गर्न सक्ने आफ्नै सञ्जाल (Network) हुनु पर्नेछ । आफ्नै सञ्जाल नभएमा त्यस्तो सञ्जाल भएको प्रसारण संस्थासँग आवद्धता भएको सहमति पत्र दरभाउपत्रमा अनिवार्य संलग्न गर्नुपर्नेछ ।

१०. उत्पादन भएको कार्यक्रम १४ वटै अञ्चलका कम्तिमा ५० जिल्ला समेटिने गरी प्रसारण हुने व्यवस्था गर्नु पर्ने छ ।

११. प्रशारण गर्न कवोल गरेको अञ्चल तथा जिल्लाहरुको नाम सहितको सूचि संलग्न गर्नुपर्ने छ ।

१२. दरभाउपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजायँ नपाएको भनी स्वःघोषणा गरेको लिखित कागजात पेश गर्नुपर्नेछ ।

१३. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१४. एक फर्म/संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्म/संस्था वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन ।

१५. दरभाउपत्र खरिद गर्न आउँदा सम्वन्धित फर्म वा कम्पनीले सम्वन्धीत कार्य गर्ने उद्देश्य खुलेको प्रमाणपत्र पेश गर्नु पर्नेछ । सो कुरा पुरा नभएमा दरभाउपत्र फाराम उपलब्ध गराइने छैन ।

१६. दरभाउपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने, सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहने छ ।

१७. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१८ दरभाउपत्रमा उल्लेखीत विषयमा थप जानकारी आवश्यक भएमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय सूचना तथा जनसम्पर्क शाखा वा सार्वजनिक खरिद इकाईमा कार्यालय समयमा सम्पर्क राखी वा फोन नं. ४२११०९७/४२०००५ मा फोन गरी बुझ्न सकिने छ ।